# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

# Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited

"नेपाल राष्ट बैंकबाट "घ" बर्गको इजाजतपत्र प्राप्त सस्था, ७७ जिल्लामा शाखा भएको"
(साविकः निर्धन उत्थान बैंक लिमिटेड)
Naxal, Kathmandu, Nepal, Phone No.: 01-4413711, Email: info@nirdhan.com.np

## UNAUDITED FINANCIAL RESULTS (Quarterly)

**As at the end of Third Quarter (30/12/2076) of the fiscal year 2076/077 (2019/2020)**

Rs. In '000'

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital and Liabilities** | **24,469,885** | **24,799,649** | **21,274,647** |
| 1.1 | Paid up Capital | 1,500,000 | 1,500,000 | 1,200,000 |
| 1.2 | Reserve and Surplus | 1,616,892 | 1,510,051 | 1,387,656 |
| 1.3 | Borrowings | 6,889,373 | 8,049,570 | 7,269,203 |
| **1.4** | **Deposits** | **12,826,592** | **12,320,447** | **10,275,298** |
| 1.5 | Income Tax Laibility | 202,831 | 173,218 | 226,109 |
| 1.6 | Other Liabilities | 1,434,196 | 1,246,363 | 916,381 |
| **2** | **Total Assets** | **24,469,885** | **24,799,649** | **21,274,647** |
| 2.1 | Cash and Bank Balance | 555,554 | 351,262 | 330,475 |
| 2.2 | Money at Call and Short Notice | 712,285 | 1,534,983 | 918,252 |
| 2.3 | Investments | 920,466 | 920,466 | 204,191 |
| **2.4** | **Loan and Advances** | **20,737,310** | **20,509,764** | **18,554,021** |
| 2.5 | Fixed Assets | 201,271 | 188,915 | 185,814 |
| 2.6 | Other Assets | 1,342,999 | 1,294,259 | 1,081,895 |
| **3** | **Profit and Loss Account** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 3.1 | Interest Income | 2,407,227 | 1,733,487 | 2,220,531 |
| 3.2 | Interest Expenses | 1,233,991 | 831,377 | 1,064,482 |
| | **A. Net Interest Income** | **1,173,236** | **902,110** | **1,156,050** |
| 3.3 | Fees, Commission and Discount | 13,806 | 9,984 | 15,150 |
| 3.4 | Other Operating Income | 355,933 | 254,804 | 326,773 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| | **B. Total Operating Income** | **1,542,975** | **1,166,897** | **1,497,972** |
| 3.6 | Staff Expenses | 584,204 | 393,530 | 486,079 |
| 3.7 | Other Operating Expenses | 104,149 | 66,168 | 92,967 |
| | **C. Operating Profit Before Provision** | **854,622** | **707,199** | **918,926** |
| 3.8 | Provision for Possible Losses | 105,100 | 67,356 | 102,387 |
| | **D. Operating Profit** | **749,522** | **639,843** | **816,539** |
| 3.9 | Non Operating Income/ Expenses (Net) | 1,706 | 1,706 | 12,527 |
| 3.10 | write Back of Provision for Possible Loss | - | - | - |
| | **E. Profit From Regular Activities** | **751,228** | **641,549** | **829,067** |
| 3.11 | Extraordinary Income/ Expenses (Net) | - | - | - |
| | **F. Profit before Bonus and Taxes** | **751,228** | **641,549** | **829,067** |
| 3.12 | Provision for Staff Bonus | 75,123 | 64,155 | 75,370 |
| 3.13 | Provision for Tax | 202,831 | 173,218 | 226,109 |
| | **G. Net Profit/ Loss** | **473,273** | **404,176** | **527,588** |
| **4** | **Ratios** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 4.1 | Capital Fund to RWA | 11.67% | 11.68% | 11.86% |
| 4.2 | Non Performing Loan (NPL) To Total Loan | 1.76% | 1.53% | 1.13% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 127% | 136% | 158% |
| 4.4 | Cost of Funds | 8.56% | 8.50% | 8.67% |
| 4.5 | Credit to Deposit Ratio | 162% | 166% | 181% |

* The above figures are subject to change upon otherwise instructions from Statutory Auditors & Supervising Authority.

| ब्याजदर | |
|---|---|
| निक्षेपमाः बार्षिक ७% देखि १०.५०% सम्म | कर्जामाः बार्षिक १०% देखी १७.२५% सम्म |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

## आ.ब. २०७६/०७७ को तेस्रो त्रैमासिक अवधिको विवरण

**१. बित्तीय बिबरणः**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु**

| प्रति शेयर आम्दानी (वार्षिक) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कूल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ४२.०७ | २१.६३ | २०७.७९ | १६३१.३३ | १३.२९% |

**२. व्यवस्थापकीय विश्लेषणः**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरणः** कारोबारको बृद्धि संगै संस्थाको मौज्दात, आम्दानी तथा तरलतामा सन्तोषजनक रूपमा बृद्धि भएको छ ।

**ख) आगामी अवधिको ब्यवसायिक योजना सम्बन्धमा ब्यबस्थापनको विश्लेषणात्मक विवरणः**यस वित्तीय संस्थाले देशका ७७ वटै जिल्लामा १८१ शाखा कार्यालय मार्फत सेवा प्रदान गर्दै आईरहेको छ । संस्थाले कार्यक्रम बिस्तार गर्दा लघुवित्त सेवाको पहुँच नपुगेका दुर्गम स्थानियतहलाई प्राथमिकतामा राखिएको छ । यस त्रैमासको अन्त सम्ममा यस वित्तीय संस्थाले कूल ३,७५,४१४ बिपन्न परिवारमा लघुवित्त सेवा प्रदान गरेको छ ।

हाल विश्वब्यापीरूपमा फैलिएको कोभिड-१९ को माहामारीको प्रभाव नेपालमा समेत फैलिसकेको परिप्रेक्षमा यसको रोकथाम तथा संक्रमण नियन्त्रणमा योगदान गर्ने सामाजिक दायित्व यस संस्थाको समेत रहेको महसुस गरि ७ वटै प्रदेश सरकारले खडा गरेका कोरना भाईरस (कोभिड-१९) संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा वित्तीय संस्थाले जनही रू. ४/४ लाखका दरले कुल रू.२८ लाख सहयोग गरेको छ । त्यसैगरि स्थानिय निकायलाई समेत माहामारी नियन्त्रणका लागी आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ ।

ग्राहक सदस्यहरूको उद्यमशीलता विकास गर्ने ब्यवसायिक साक्षरता तथासिप विकासतालिम प्रदान गर्ने कार्य प्राथमिकताका साथ निरन्तर भैरहेकोमा हाल आएर विश्वब्यापीरूपमा फैलिएको कोभिड-१९ को माहामारीको कारणले निरन्तरता दिन कठीनाई भएको छ । कर्मचारीको क्षमतामा अभिबृद्धि गरी कार्यकुशलतामा अभिबृद्धि गर्ने, उत्पादकत्व बृद्धि गर्ने, तथा महामारी पश्चात कार्यक्रम लाई थप प्रभाबकारीरूपमा संचालन गर्ने कर्मचारीलाई आबश्यक तालिम तथा अन्तरक्रियामा संलग्न गराई कर्जा तथा कार्यक्रमको गुणस्तर कायमगर्ने जोड दिईने छ ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरणः** हाल विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ को महामारी तथा संक्रमण नियन्त्रणका लागि लागु भएको Lockdown ले संस्थाको कारोवार सुचारू रूपमा संचालन गर्न कठिनाई भएकोले संस्थाको अपेक्षित लक्ष्य, नाफा तथा नगद प्रवाहमा असर पर्ने देखिन्छ । चैत्र मसान्तमा संस्थाले तय गरेको ब्याजमा २०७७ बैशाख १ देखि २०७७ आषाढ ३१ सम्म लागुहुनेगरि ३ प्रतिसत बिन्दुबाट ब्याजदर घटाईएको कारण ब्याज आम्दानीमा उल्लेख्य गिरावट आउने देखिन्छ । लघुवित्त संस्थाहरूमा देखिएको कर्जाको दोहोरोपनाले ग्राहकको क्षमता भन्दा बढी कर्जा लगानी र यसको सदुपयोगिता आदि कारणले संस्थालाई असर पर्ने देखिन्छ । तथापी समयमै Lockdown को अन्त भई जनजीबन सामान्य भएमा संभावित जोखिम न्युन गर्न सकिने कुरामा ब्यबस्थापन दृढ छ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरणः**

**क)** यस अबधीमा संस्थाले कसैको बिरूद्धमा कुनै मुद्दा दायर गरेको छैन र संस्थाको बिरूद्धमा मुद्दा दायर भएको कुनै सुचना प्राप्त भएको छैन ।

**ख)** संस्थाका संस्थापक वा संचालकले संस्थापक वा संचालकको बिरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

**ग)** कुनै संस्थापक वा संचालक बिरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको सेयर कारोबार सम्बन्धी विश्लेषणः**

क) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट जारी बर्तमान नीतिहरू, हालको राजनैतिक, आर्थिक अवस्थाका कारण धितोपत्र बजारलाई असर पारी बजारमा सामान्य उतारचढाव भएतापनि यस संस्थाको शेयर कारोबार संतोषजनक नै रहेको छ ।

ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइट www.nepalstock.com अनुसार गत त्रैमासिक अबधीमा यस संस्थाको शेयरको कारोवार निम्नानुसारले भएको देखिन्छ ।

| अधिकतम मूल्य | न्युनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| १२४८ | ८६७ | ९१० | ४५ | ३४८४ |

**५. समस्या तथा चुनौतीः**

**क)** विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ को महामारी र संक्रमण नियन्त्रण गर्न लागु गरेको बन्दाबन्दि (Lockdown)को कारणले समग्र अर्थतन्त्र नै प्रभावित भएको र त्यसमा पनि बिपन्न तथा न्युन आय भएका परिवारका सदस्य आबद्ध हाम्रो कार्यक्रममा दिर्घकाल सम्म बृहत तथा गहिरो प्रभाव पर्ने देखिन्छ ।

**ख)** दुर्गम क्षेत्रमा सेवा बिस्तार गरि थप बिपन्न परिवारमा सेवा प्रबाह गर्न आवश्यक पूर्वाधारको चुनौती ।

**ग)** लघुवित्त संस्थाहरू थपिने र शाखा बिस्तारको क्रम जारी रहेकोले सदस्यको दोहोरापनाबाट कर्जा सदुपयोगीतामा हुने समस्या ।

**६. संस्थागत सुशासनः**

संस्थागत सुशासन कायम गर्ने यो वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको छ । यस संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरू पालना गर्नुको साथै प्रचलित ऐनहरूः तथा कानुनहरूको परिपालना गरिएको छ । संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, वित्तीय सेवा निर्देशिका, आन्तरिक लेखापरीक्षण निर्देशिका, ब्यबस्थापन सुचना प्रणाली नीति, सम्पत्ति दायित्व ब्यबस्थापन नीति, लगानी नीति लगायतका नीति, नियम, निर्देशिकाहरू बनाई पालना गरिएको छ । त्यसै गरी लेखापरीक्षण समिति, जोखिम ब्यबस्थापन समिति, कर्मचारी सेवा सुबिधा समिति र सम्पत्ती सुद्धिकरण अनुगमन समिति गठन गरी कार्यान्वयनमा ल्याइएको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषणः**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।